# पूर्वीचौकी गाउँपालिकाका अध्यक्ष श्री राम प्रसाद उपाध्याय ज्यूद्धारा दोस्रो गाउँसभाको प्रथम अधिवेशनमा प्रस्तुत गरिएको आर्थिक वर्ष २०७९।०८० को

नीति तथा कार्यक्रम-२०७९/८०

## पूर्वीचौकी गाउँपालिका
## गाउँकार्यपालिकाको कार्यालय
## सानागाउँ, डोटी सुदुरपश्चिम प्रदेश, नेपाल

यस पुर्वीचौकी गाउँपालिकाको दोस्रो गाउँ सभाको प्रथम अधिवेशनका सभाध्यक्ष ज्यू, प्रमुख अतिथी सुदुरपश्चिम प्रदेश सरकारका प्रदेश माननीय श्री भरत बहादुर खड्का ज्यु विशिष्ट अतिथी उपाध्यक्ष ज्यू, आमन्त्रित सम्पुर्ण अतिथी ज्यूहरु, गाउँ सभाका सभासद ज्यूहरु, राष्ट्र सेवक कर्मचारी, सुरक्षा निकायका प्रमुख तथा प्रतिनिधी ज्युहरु, संचारकर्मी मित्रहरु र सबै ठाउँबाट पाल्नु भएका आदरणीय दाजुभाइ तथा दिदीबहिनीहरु, समाजसेवी, वुद्धिजिवी महानुभाहरु, पुर्वीचौकी गाउँपालिकाको तर्फबाट हार्दिक स्वागत टक्रयाउन चाहान्छु ।

**<u>आदरणीय सभासद ज्यू तथा उपस्थित महानुभावहरु:</u>**

१. विश्वव्यापी रुपमा फैलिएको कोरोना महामारी तथा २०७२ को भुकम्पबाट अर्थ व्यवस्थामा परेको प्रभाव यस पुर्वीचौकी गाउपालिकामा समेत परेको छ । यस चुनौतीपुर्ण र असहज परिस्थितिमा यस गरिमामय गाउपालिकाको दोस्रो गाउँसभाको प्रथम अधिवेशनमा आगामी आर्थिक वर्ष २०७९/०८० को नीति तथा कार्यक्रम प्रस्तुत गर्न चाहान्छु ।

२. देशमा भएका ऐतिहासिक जनआन्दोलन तथा सशस्त्र संघर्ष लगायत विभिन्न आन्दोलनमा अमुल्य जीवन उत्सर्ग गर्न हुने सम्पुर्ण विर शहिदहरुप्रति हार्दिक भावपुर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । साथै विभिन्न राजनीतिक आन्दोलनका क्रममा वेपत्ता नागरिक, घाइते योद्धाहरुप्रति उच्च सम्मान प्रकट गर्दछु।

३. कोरोना भाइरस Covid-19 महामारीबाट संक्रमित भई स्वदेश तथा विदेशमा जीवन गुमाउनु हुने नेपाली नागरिकहरुप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै पूर्वीचौकी गाउँपालिकामा कोरोना भाइरस कोभिड १९ को कारणले मृत्यु हुने मृतकहरु प्रति समवेना प्रकट गर्दुछु र शोकाकुल परिवारजनप्रति गहिरो समवेदना समेत व्यक्त गर्दछु

४. नेपालको संविधानले निर्दिष्ट गरे बमोजिम संघीय प्रणालीलाई संस्थागत गर्न स्थानीय तहले नेपाल सरकार र प्रदेश सरकारसँग समन्वय, सहअस्तित्व र सहकार्यको सिद्धान्त अनुरुप कार्य गर्ने यस सभामा प्रतिबद्धता जनाउन चाहान्छु ।

५. आर्थिक समृद्धि मार्फत गरिवि निवारण गरि समाजमा सुशासन, अमनचयन कायम गराउनमा हामि प्रतिबद्ध भइ सो अनुरुपको निति तथा कार्यक्रमका लागि हामी संकल्पित छौ ।

६. नपोलको संविधान, अन्तराष्ट्रिय प्रतिवद्धता, दिगो विकासका लक्ष्य, पन्ध्रौं पञ्चवर्षिय योजना, नेपाल सरकारको निति तथा कार्यक्रम, प्रदेश सरकारका निति तथा कार्यक्रम, विगतको अनुभव र राम्रा अभ्यासका आधारमा यो निति तथा कार्यक्रम तयार पारिएको छ ।

**<u>आदरणीय सभासद ज्यूहरु:</u>**

**<u>अव म आर्थिक वर्ष २०७९/०८० को निती तथा कार्यक्रम प्रस्तुत गर्न चाहान्छु ।</u>**

- नेपाललाई विकासिल राष्ट्रमा स्तरोन्नति हुने राष्ट्रिय लक्ष्य हासिल गर्नमा टेवा पुर्याउने गरि गाउँपालिकाका विकास आयोजनामा क्षेत्रगत रुपमा बजेट विनियोजन गरिनेछ । बार्षिक बजेट तर्जुमा गर्दा लैङ्गिक उत्तरदायी, दिगो विकासका लक्ष्य र जलवायु अनुकुलन सम्बन्धि बजेट कोड अवलम्वन गरिने छ ।
- हाल सञ्चालनमा रहेका बहुवर्षिय क्रमागत र अधुरा आयोजना सम्पन्न गर्ने गरि बजेट विनियोजनमा प्रथामिकता दिइनेछ ।

- "**आत्मनिर्भर अर्थतन्त्र हाम्रो चाहाना समृद्ध पूर्वीचौकी हाम्रो कामना**" नाराका साथ आर्थिक विकास र गरिवी निवारणमा योगदान पुर्याउन उद्यम विकास, स्वरोजगार मुलक कार्यक्रम, जनशक्ति उत्पादन तथा क्षमता विकास अभिवृद्धि कार्यक्रम सञ्चालन गरिनेछ ।
- गाउँपालिकाको समृद्धि गर्न निजी क्षेत्र सरकारि तथा गैरसरकारी संस्था तथा सबै क्षेत्रका लगानि भित्राउन लगानिमैत्री वातावरण तयार गरि निजि क्षेत्र, सहकारी र सरकारी क्षेत्रको संयन्त्रबाट सञ्चालन गर्नमा प्राथामिकता दिइनेछ
- अर्थतन्त्रमा देखापरेका चुनौतिलाई सामाना गर्न गाउँपालिकाको पूँजिगत खर्च गर्ने क्षमता अभिवृद्धि गर्दै चालु खर्च तर्फको बढ्दो चापलाई न्युनिकरण गरि सार्वजनिक खर्चमा मितव्ययिता कायम गरिनेछ ।

**<u>आदरणीय सभासदज्यूहरु,</u>**

**<u>अव म आर्थिक विकास तर्फका निति तथा कार्यक्रम प्रस्तुत गर्न चाहान्छु ।</u>**

**क. आर्थिक विकास तर्फः**

- बैंक तथा वित्तिय संस्थाले प्रदान गर्ने वित्तिय सेवामा आम नागरिकको पहुच अभिबृद्धि गर्न र विद्युतिय भुक्तानि प्रणालिलाई प्रोत्साहान गर्न वित्तिय साक्षरता, अभिमुखिकरण एवं क्षमता अभिवृद्धि सम्बन्धि कार्यक्रम बैंक तथा वित्तिय संस्थाको साझेदारीमा सञ्चालन गरिनेछ ।
- गाउँपालिकाको राजश्व संकलन तथा परिचालन, वित्तिय व्यवस्थापनका लागि राजश्वको दायरा अभिबृद्धि गर्दै राजश्वका दरहरु घटाइने निति लिइनेछ ।
- पूर्वीचौकी गाउँपालिकाको जिवन निर्बाहामुखि कृषि क्षेत्रको व्यवसायिकरण गरि कृषिमा आत्मनिर्भर बनाइने निति लिइनेछ ।
- महिलाको क्षमता अभिवृद्धि गरि समाजमा महिलाको कामको मुल्य प्रदान गर्ने निति लिइनेछ । जसका लागि उपाध्यक्ष सँग एकल महिला तथा महिला विकास कार्यक्रम सञ्चालन गरिनेछ
- बालबालिका भविष्यका कर्णधार भन्ने नाराका साथ बाल क्लव गठन तथा परिचालन र निर्णायक तहमा अर्थपुर्ण बाल सहभागिता गराइने निति लिइनेछ । जसका लागि उपाध्यक्ष पोषण कोसेलि कार्यक्रम, बालमैत्रि स्थानिय शासन तथा उपाध्यक्ष सिमान्तकृत महिला तथा टुहुरा बालबालिकाका लागि राहत कोष जस्ता कार्यक्रम सञ्चालन गरिनेछ ।
- पूर्वीचौकी गाउँपालिकाद्धारा प्रदान गरिने सामाजिक सुरक्षा कार्यक्रमलाई पुर्ण रुपमा बैंकिङ मार्फत सञ्चालन गर्ने निति लिइनेछ । जसका लागि बैंकको सहकार्य तथा समन्वयमा दुर्गमका वस्तिस्तरमै बाढ्ने व्यवस्था मिलाइनेछ ।
- पूर्वीचौकी गाउँपालिकाको इच्छा नैतिकता सहितको पुर्ण शिक्षा नारा सहित समाजमा रहेका सिकाइ केन्द्रहरुको प्रभावकारिता बढाइने निति लिइनेछ ।
- हाम्रो कला संस्कृति हाम्रो पहिचान नारा सहित पूर्वीचौकी गाउँपालिकामा रहेका रानढुङ्गा, त्रिवेणिधाम, मालिका मन्दिर लगायतका मन्दिरहरु संरक्षण र सम्बर्द्धनमा जोड दिइनेछ ।
- अपाङ्ग, अल्पसङ्ख्यक तथा ज्येष्ठ नागरिकको सम्मानित जिवनयापन गर्ने व्यवस्था मिलाइनेछ । जसका लागि क्षमता विकास तथा आयआर्जन कार्यक्रम र ज्येष्ठ नागरिक सम्मान कार्यक्रम सञ्चालन गरिनेछ ।

- कृषिजन्य वस्तुको आयातमा प्रतिस्थापन, निर्यात प्रवर्द्धन र खाद्य तथा पोषण सुरक्षा प्रत्याभुत गराउन कृषि, पशुपन्क्षी तथा मत्स्य विकास कार्यक्रम प्राथमिकतामा राखि सञ्चालन गरिनेछ । धान, मकै, तोरि, तरकारी, फलफुल, माछामासु र दुधमा आत्मनिर्भर हुन सहयोग पुग्ने कार्यक्रम सञ्चालन गरिनेछ । प्रतिफल र उत्पादनमा आधारित प्रोत्साहन अनुदान दिइनेछ ।
- कृषकहरुले उत्पादन गरेको खाद्यान्नको बजारिकरणका लागि सहकारी मार्फत अनुदान प्रदान गरि बजार कनेक्टिभिटि कार्यक्रहरु सञ्चालन गरिनेछ ।
- **आवश्यक विउ, आफै उत्पादन गरौं** भन्ने नाराका साथ रैथाने विउको संरक्षण गरि विउमा आत्मनिर्भर हुन धान, गहुँ, मकै जस्ता प्रमुख खाद्यान वाली एवमं दाल, तरकारी आदिको विउविजनको उत्पादनलाई प्रसोधन र बजारीकरण गरिनेछ । जसका लागि संघ, प्रदेश सरकार तथा अन्य पक्षसंग समन्वय र सहकार्य गरिनेछ ।
- पूर्वीचौकी गाउँपालिकाको मुख्य पचिहानको रुपमा रहेको बासमति धानको प्रसोधन तथा बजारीकरण गरिनेछ ।
- जनताको चाहाना कृषि वालिको संरक्षण अभियान अन्तर्गत कृषि वाली विमा कार्यक्रमलाई अनिवार्य गर्ने निति लिइनेछ । साथै डिजिटल एप मार्फत कार्यक्रम सञ्चालन गरि कृषि वालिको संरक्षण गरिनेछ ।
- किसान हुनमा, मलाई गर्व छ भन्ने नाराका साथ उत्कृष्ठ कृषकहरुलाई प्रोत्साहान गरिनेछ ।
- पोषणयुक्त खाना ,स्वच्छ जिवन भन्ने नाराका साथ पूर्वीचौकी गाउँपालिकाको राजमार्गमा एक/एक वटा स्वच्छ मासु पसल र उन्नत खालको डेरि स्थापना गरिनेछ । त्यसको लागि कुल लागतको ७०% अनुदान पूर्वीचौकी गाउँपालिकाद्धारा प्रदान गरिनेछ ।
- माटो जोगाउ उत्पादन बढाउ भन्ने नाराका साथ प्रत्येक वडामा एक/एक वटा पकेट क्षेत्र स्थापना गरि कार्यक्रम सञ्चालन गरिनेछ ।
- पूर्वीचौकी गाउँपालिकाको स्थानिय उत्पादनलाई प्रबर्द्धन गर्नका लागि प्रत्येक विद्यालयहरुमा स्थानिय उत्पादित खाद्यान्नको खाजा खुवाउने कार्यक्रम निजि क्षेत्र, गैरसरकारि संस्था र सहकारी क्षेत्रको समन्वय र सहकार्यमा सञ्चालन गरिनेछ ।
- उन्नत जातका पशुचौपायाको विकासको लागि उन्नत जातको विज विकास कार्यक्रम सञ्चालन गरिने निति लिइनेछ ।
- सिपमुलक तालिमको गुणस्तर अभिवृद्धि गर्न प्राथमिकताका आधारमा लघुउद्यम विकास तथा प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन गरि कम्तिमा १०० दिनको रोजगार दिने निति लिइनेछ । पूर्वीचौकी गाउँपालिकामा रहेका स-साना घरेलु उद्योगहरु प्रवर्द्धन गर्न जोड दिइनेछ ।

**आदरणीय सभासद ज्यूहरु**

**अव म सामाजिक विकास तर्फका निति तथा कार्यक्रमहरु प्रस्तुत गर्न चाहान्छु ।**

**ख. सामाजिक विकास तर्फः**

- जनताको स्वास्थ्य उपचार पाउने मौलिक हक कार्यान्वयन गर्नका लागि पूर्वीचौकी गाउँपालिकामा २४सै घण्टा डक्टरको सेवा उपलब्ध हुने निति लिइनेछ । जसका लागि एक जना मेडिकल अधिकृतको व्यवस्था गरिनेछ
- गुणस्तरिय स्वास्थ्य उचार पाउने जनताको अधिकार प्रवर्द्धन दक्ष स्वास्थ्यकर्मीको व्यवस्थापन तथा गुणस्तरिय स्वास्थ्य सामाग्रिहरुको व्यवस्थापन गर्ने निति लिइने छ । जसका लागि SBA तालिम लगायतका अति आवश्यक तालिमहरु सञ्चालन गरि प्रत्येक वर्थिङ सेन्टरहरुमा तालिम प्राप्त जनशक्तिको व्यवस्था गरिनेछ । त्यसैगरि खोपकेन्द्र र गाउँघर क्लिनिकको सञ्चालनमा जोड दिइनेछ ।
- स्वास्थ्यकर्मीहरुको मनोबल उच्च पार्नका लागि २४सै घण्टा सेवा गर्ने वर्थिङ सेन्टरका अ.न.मि. हरुकालागि अतिरिक्त भत्ताको व्यवस्था गरिनेछ ।
- जनताको स्वास्थ्य सेवा पहुच अभिवृद्धि गर्नका लागि दक्ष चिकित्कस सहितको प्रत्येक वडामा एकिकृत घुम्ति सिविरहरु सञ्चालन गरिनेछ ।
- वडामा सञ्चालनमा रहेका ल्यावहरुको उचित व्यवस्थापन गरि सुविधा सम्पन्न बनाइने निति लिइनेछ ।
- पूर्वीचौकी गाउँपालिकाको यौनिक तथा लैङ्गिक हिंसा अन्त्य अभियान अन्तर्गत उपाध्यक्ष महिला सशक्तिकरण र सिप विकास कार्यक्रम सञ्चालन गर्ने निति लिइनेछ ।
- "युवा नै राष्ट्र निर्माणका सम्वाहक हुन" भन्ने मुल नाराका साथ पूर्वीचौकी गाउँपालिका भित्र रहेका वेरोजगार युवाहरुलाई आत्मनिर्भर हुन, बाझो रहेका जमिनहरुमा समुह बनाई सामुहिक खेति गर्ने निति लिइनेछ ।
- पूर्वीचौकी गाउँपालिकामा रहेका भुमिहिन किसानहरुको भुमि व्यवस्थापन गर्न विशेष कार्यक्रम सञ्चालन गरिनेछ ।
- हाम्रो गाउँ स्वच्छ गाउँ मार्फत क्षय रोग, कुष्ठ रोग जस्ता सरुवा रोगको निवारण तथा संस्थागत सुत्केरी अभियान र शुन्य कुपोषणका लागि कार्यक्रम सञ्चालन गरिनेछ । जसका लागि न्यानो कपडा तथा एक प्याकेट आयोडिन नुन निःशुल्क प्रदान गरिने व्यवस्था गरि होम डेलिभरीलाई शुन्यमा झार्ने निति लिइनेछ ।
- न्यायिक समितिको कार्यसम्पादन प्रभावकारि वनाइ घरेलु हिंसा, लैङ्गिक हिंसा, छाउपडि प्रथा जस्ता प्रथाहरुको अन्त्य गरि समतामुलक समाज निर्माण गर्ने निति लिइने छ । जसका लागि उपाध्यक्ष अभियानमुलक कार्यक्रम सञ्चालन गरिनेछ ।
- महिलाको पाठेघरको मुखको क्यान्सर तथा आँङ खस्ने जस्ता रोगको पहिचान एवमं निदान गर्न गाउँपालिकामा विशेषज्ञ सहितको स्वास्थ्य सिविर सञ्चालन गरिनेछ । जसका लागि FPAN जस्ता गैरसरकारि संस्थाहरुको समन्वय र सहकार्यमा कार्यक्रम सञ्चालन गरिनेछ
- एम्बुलेन्स सेवा एकिकृत रुपमा सञ्चालन गर्न गाउँपालिमा समन्वय केन्द्र स्थापना गरि एम्बुलेन्स सेवालाई प्रभावकारि रुपमा सञ्चालनमा ल्याइनेछ । साथै मातृ मृत्युदर न्युनिकरण गर्नका लागि सुत्केरी महिलालाई निःशुल्क एम्बुलेन्स सेवा प्रदान गरिनेछ ।

- ज्येष्ठ नागरिक, अपाङ्गहरुका लागि पूर्वीचौकी गाउँपालिकाको बसमा निःशुल्क सेवा प्रदान गर्ने निति लिइनेछ
- "सामुदायिक विद्यालयको गुणस्तरिय शिक्षा र प्रभावकारिता, पूर्वीचौकीको इच्छा" भन्ने नाराका साथ विद्यालयको क्षमताका आधारमा अंग्रेजि माध्ययमबाट पठनपाठन गराउने निति लिइनेछ ।
- "मेरो स्वास्थ्य, मेरो जिम्मेवारी" अभियान मार्फत मानसिक रोग, दिर्घ रोग तथा नसर्ने रोगको रोकथाम र न्युनिकरणका लागि अभियान सञ्चालन गरिनेछ ।
- "पूर्वीचौकी गाउँपालिकाको सन्देश, छुवाछूत माथि पुर्ण बन्देज" भन्ने नाराका साथ ससक्तिकरण कार्यक्रम तथा परामपरागत सिप सुधार कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- अध्यक्ष सैक्षिक सुधार कार्यक्रम सञ्चालन गरि सामुदायिक विद्यालयको गुणस्तर अभिवृद्धी गरिनेछ । जसका लागि उत्कृष्ट कार्यसम्पादन गर्ने सामुदायिक विद्यालयलाई पुरस्कारको व्यवस्था गरिनेछ ।
- उपाध्यक्षसँग महिला स्वास्थ्य स्वयम सेविका कार्यक्रम सञ्चालन गरिने निति लिइनेछ । जसका लागि महिला स्वयम सेविकाको क्षमता विकास तथा प्रोत्साहान सम्बन्धि कार्यक्रम सञ्चालन गरिने व्यवस्था मिलाइनेछ ।
- पूर्वीचौकी गाउँपालिकामा सञ्चालनमा रहेको प्राविधिक धारको विद्यालयको शैक्षिक सुधारका लागि छुट्टै कार्यक्रम सञ्चालन गरिनेछ । जसका लागि सरस्वति मा.वि.को ईन्जिनियरिङ विधाको सुधार, मष्टामाण्डौं मा.वि.मा वन विज्ञान र शाजेन्द्रेश्वर मा.वि. मा कृषि विषयको अध्ययन गराउने निति लिइनेछ
- सामुदायिक विद्यालयमा स्वच्छ खानेपानी व्यवस्थापन गर्न र छात्राका लागि हाइजेनिक स्यानिटरि प्याड वितरण गर्न तथा सरसफाइ व्यवस्थापन गर्न आवश्यक सहयोग गरिनेछ । किसोर/किसोरि यौन तथा प्रजनन स्वास्थ्य सम्बन्धि कार्यक्रमलाई प्रभावकारी बनाइनेछ ।
- शिक्षाको गुणस्तर अभिवृद्धिका लागि शिक्षकको पेशागत क्षमता विकास कार्यक्रम सञ्चालन गरिनेछ । स्थानिय पाठ्यक्रम निर्माण गरि प्रत्येक सामुदायिक विद्यालयमा स्थानिय पाठ्यक्रमको माध्ययमबाट पठनपाठन हुने व्यवस्था मिलाइने छ ।
- प्रत्येक विद्यालयहरुमा IT मैत्रि पठनपाठन हुने व्यवस्था सञ्चालन गर्ने निति लिइनेछ । जसका लागि यसै आ.व. बाट प्रत्येक विद्यालयहरुमा ईन्टरनेटको सुविधा उपलब्ध गराइनेछ ।
- गरिब, विपन्न, दलित र पिछडिएका उत्कृष्ट बालबालिकाहरुको उच्च शिक्षाको लागि छात्रवृत्ति कार्यक्रमको व्यवस्था गरिनेछ ।
- खेलकुद क्षेत्रको समग्र विकासको लागि गाउँपालिका स्तरमा सुविधा सम्पन्न एक खेलकुद मैदान निर्माण संघ, प्रदेश सरकार र अन्य पक्षको सहकार्य र समन्वयमा स्थापना गरिने निति लिइनेछ । साथै प्रशिक्षणको माध्ययमबाट खेलाडिहरुको वृद्धिविकास र खेलकुदको विकास र विस्तारका लागि गाउँपालिकामा खेलकुद प्रशिक्षकको व्यवस्थापन गर्ने निति लिइनेछ । जसका लागि गाउँपालिका स्तरिय अध्यक्ष कप खेलकुद कार्यक्रमलाई व्यवस्थित बनाइनेछ ।
- शिक्षाको गुणस्तर सुधार गर्नका लागि सरोकारवालाको समन्वय र सहकार्यमा पहिलो पटकलाई समुदायमा रहेका वालविकास केन्द्रहरुलाई नजिकका विद्यालयमा मर्ज गर्ने निति लिइनेछ । जसका लागि प्राविधि विज्ञ टोलि गठन गरि कार्यक्रम सञ्चालन गरिनेछ ।
- जनताको स्वास्थ्य विमालाई अनिवार्य गरिनेछ ।

- जनताको उत्पादन गाउँपालिकाको संरक्षण अन्तर्गत खाद्य उत्पादन संरक्षणका लागि पूर्वीचौकी गाउँपालिकामा संकलन केन्द्र तथा शितभण्डार निर्माण गर्ने निति लिइनेछ । यसका लागि संघ, प्रदेश सरकार र सम्बन्धित सरोकारवालाको समन्वय र सहकार्यमा सञ्चालन गरिनेछ

**<u>आदरणीय सभासद ज्यूहरुः</u>**

**<u>अब म पूर्वाधार विकास तर्फका निति तथा कार्यक्रमहरु प्रस्तुत गर्न चाहान्छु ।</u>**

**ग. पूर्वाधार विकास तर्फः**

- पूर्वीचौकी गाउँपालिकाको रक्षा, दिगो तथा वातावरणमैत्रि सडक सुरक्षा अभियान अन्तर्गत पूर्वीचौकी गाउँपालिकामा रहेका कच्चि सडकहरुलाई बाह्रै महिना चल्ने निति लिइनेछ । जसका लागि कार्यविधि निर्माण गरि RMG ग्रुप मार्फत कार्यक्रम सञ्चालन गरिनेछ । त्यस्तै पूर्वीचौकी गाउँपालिकाको सडक सञ्जाल योजना निर्माण गरि सडक सुरक्षा कार्यक्रम सञ्चालन गरिनेछ
- घरको रक्षा, जनताको सुरक्षा अभियान अन्तर्गत वस्ति विकास गर्ने निति लिइनेछ । जसका लागि अनिवार्य नक्सा पास प्रणालि सञ्लान गरिनेछ ।
- पूर्वीचौकी गाउँपालिकाका खरले छाएका घरहरुको पहिचान गरि यस पूर्नस्थापना तथा व्यवस्थापन गर्ने निति लिइनेछ । जसका लागि संघ, प्रदेश सरकार र स्थानिय सरोकारवालासँग समन्वय र सहकार्य गरिनेछ ।
- पूर्वीचौकी गाउँपालिका अन्तर्गत रहेका धर्मशाला, मठमन्दिर, उद्यान, गुठि आदिको सम्बर्द्धन तथा संरक्षण गरि सामुदायिक केन्द्रको रुपमा विकास गरिनेछ । जसका लागि पूर्वीचौकी गाउँपालिका वडा नं. १ को खापरदह परिसरमा विपि पार्क उद्यान निर्माण गरिनेछ ।
- पूर्वीचौकी गाउँपालिकाको आगामि तिन वर्षभित्र आवश्यक सम्पुर्ण झोलुङ्गे पुलको निर्माण गरिने निति लिइनेछ ।
- पूर्वीचौकी गाउँपालिकासँग जोडीएको खसड क्षेत्रबाट अत्याधिक लाभ लिन एक स्थानिय तह एक पर्यटन पुर्वाधार निति अन्तर्गत पूर्वीचौकी गाउँपालिका वडा नं. २ मा पर्यटन पुर्वाधारहरु निर्माण गरि सञ्चालनमा ल्याइनेछ ।
- विद्युतिकरण हुन बाकि रहेका सबै वडाका बस्तिहरुमा आगामी २ वर्षभित्रमा बिजुलि बत्ति पुऱ्याउने निति लिइनेछ । जसका लागि राष्ट्रिय प्रसारण लाईन वडाका प्रत्येक वस्तिमा पुऱ्याउन समन्वय र सहकार्य गरिनेछ ।
- सिचाई योग्य जमिनहरुमा बाह्रै महिना सिचाईको व्यवस्था गर्ने निति लिइनेछ । यसका लागि संघ, प्रदेश सरकार सँग समन्वय र सहकार्य गरि कार्यक्रम अगाडि बढाइनेछ ।
- सबै घरमा स्वच्छ पानीको पहुच भन्ने नाराका साथ पूर्वीचौकी गाउँपालिकामा दिर्घकालिन खानेपानीको व्यवस्था गरिने निति लिइनेछ ।
- पूर्वीचौकी गाउँपालिकामा औद्योगिकग्राम स्थापना गरि कार्यक्रम सञ्चालन गरिनेछ । जसका लागि संघ र प्रदेश सकारसँग समन्वय र सहकार्य गरि कार्यक्रम सञ्चालन गरिनेछ ।
- सार्वजनिक यातायातलाई पहुँच योग्य सुरक्षित र भरपर्दो बनाउन सम्बन्धित सरोकारवाला सँग समन्वय र सहकार्य गरि जनताको जिवन रक्षा गरिनेछ।

- ठुला तथा दिर्घकालिन असर पार्ने आयोजनाहरु निर्माण गर्दा विस्तृत परियोजना प्रतिवेदनका आधारमा मात्र सञ्चालन गरिने निति लिइनेछ । यस्ता आयोजना सञ्चानका लागि स्रोत सुनिस्चितताको व्यवस्था गरिने निति लिइनेछ ।
- पूर्वीचौकी गाउँपालिकाको आयोजना सञ्चालन तथा व्यवस्थापनको लागि उपभोक्ता समितिको क्षमता विकास कार्यक्रम सञ्चालन गरिनेछ । जसका लागि वास्तविकता, आवश्यकता र क्षमताका आधारमा आयोजना छनोट गरि कार्यान्वयनमा ल्याउने निति लिइनेछ ।
- तटबन्ध, वायोइन्जिनियरिङ्ग तथा अन्य उपयुक्त प्रविधिको माध्यमबाट जलउन्पन्न प्रकोप नियन्त्रण गरिनेछ ।

**घ. वन वातावरण तथा विपद व्यवस्थापन तर्फ**

- "एक वोट, भविष्यको नोट" अन्तर्गत पूर्वीचौकी गाउँपालिकाको हरियालि अभियानलाई प्रबर्द्धन गरिनेछ । जसका लागि सडक आयोजनामा भएको कुल बजेट को कम्तिमा २% बजेट वृक्षारोपणमा खर्च गरिनेछ ।
- एक घर १० वटा बोट निति अनुरुप वातावरणमैत्रि स्थानिय शासन सञ्चालन गर्ने निति लिइनेछ ।
- वन तथा वातावरण संरक्षण गर्न सामुदायिक वन तथा कबुलेति वनको उपभोक्ता समितिहरुको क्षमता अभिवृद्धीको लागि गाउँपालिका र सामुदायिक वन तथा कबुलेति वनको साझेदारिमा विशेष कार्यक्रम ल्याइनेछ ।
- स्वच्छ उर्जा दिगो स्वास्थ्य अन्तर्गत वैकल्पिक तथा नविकरणिय उर्जाको प्रवर्द्धन गर्ने निति लिइनेछ । जसका लागि सुधारिएको चुलो, वायोग्यास, गोबारग्यास जस्ता कार्यक्रम सञ्चालन गरिनेछ ।
- पूर्वीचौकी गाउँपालिकाको विकास निर्माणका आयोजना सञ्चालन गर्दा वातावरणिय प्रभाव मुल्याङ्कन अनिवार्य गर्ने निति लिइनेछ । गन्डिगाड, फुलौटी गाड, छोलेगाड, चिन्नेगाडमा ढुङ्गा, गिट्टि, वालुवा संकलन सम्बन्धी वातावरणिय प्रभाव मुल्याङ्कन गरिनेछ ।
- सफा र स्वच्छ गाउँघर दिगो विकासको नारा प्लाष्टिक झोला प्रयोगको नियन्त्रण गरि वातावरण मैत्रि समाज निर्माण गर्ने निति लिइनेछ ।
- दिगो र प्रभावकारि संयन्त्र, विपदको उचित व्यवस्थापन अभियान अन्तर्गत विपद सम्बन्धि संस्थागत संयन्त्रको उचित परिचालन गर्ने निति लिइनेछ । जसका लागि विपदका सबै चरणमा कार्य गर्ने गरि कार्यक्रमहरु निजि क्षेत्र, गैरसरकारी क्षेत्रको समन्वय र सहकार्यमा कार्यक्रम सञ्चालन गरि कार्यान्वयन गरिनेछ ।
- विपद व्यवस्थापनका लागि सरकारवालाको क्षमता विकास मार्फत समाजमा जनचेतना कार्यक्रमहरु सञ्चालन गरिने निति लिइनेछ ।
- विपदबाट भएको क्षतिको पुर्नस्थापना तथा पुर्ननिर्माणका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- यस पूर्वीचौकी गाउँपालिकामा विभिन्न कम्पनिद्धारा विक्रि वितरण भएका मदिराका खालि बोतलबाट वातावरणमा परेको ठुलो चुनौतिलाइ न्युनिकरण गर्न जुन कम्पनीले मदिरा विक्रि वितरण गरेको हो सोहि कम्पनीले उक्त खालि सिसि वोत्तलहरु उठाउनुपर्ने तथा व्यवस्थित गर्ने निति लिइनेछ ।

**ङ. सुशासन तथा संस्थागत विकास तर्फ**

- पूर्वीचौकी गाउँपालिकाद्धारा प्रदान गरिने सेवाहरु प्रभावकारिताको लागि सेवाग्राहिको क्षमता अभिवृद्धि गरि गाउँपालिकाको सेवालाई सरल चुस्त र पार्दर्शि बनाइ सेवा प्रवाहमा One stop Service प्रणालि अवलम्बन गरिने निति लिइनेछ ।
- भुक्तानि प्रणालिलाई प्रभावकारि र सरल बनाउनका लागि E-Payment प्रणालि अवलम्वन गर्ने निति लिइनेछ ।
- सरकारले सम्पादन गरेका सबै कार्यहरुमा पार्दर्शिता जवाफदेहिता प्रवर्द्धन गर्नका लागि प्रत्येक ३ महिनामा कार्य सम्पादन सार्वजनिक गर्ने निति लिइनेछ । जसका लागि सार्वजनिक सुनुवाइ कार्यक्रमलाई प्रभावकारी वनाइनेछ ।
- सेवालाई अनुमान योग्य बनाइ कार्य सम्पादनलाई चुस्तदुरुस्त बनाउन डिजिटल प्रोफायल निर्माण गरि कार्य सञ्चालनलाई प्रभावकारि बनाइनेछ ।
- विकास र खोज पत्रकारिता जस्ता कार्यक्रमहरु सरोकारवालाहरुको साझेदारी र सहकार्यमा सञ्चालन गर्ने निति लिइनेछ ।
- सेवाग्राहि र कार्यालय विच प्रत्येक्ष सम्बन्ध हुदाँ अनियमिता बढ्छ भन्ने सिद्धान्त अनुरुप यस्ता अनियमिता घटाउन सेवाप्रवाहालाई क्रमस डिजिटाइज गर्दै लगिनेछ ।
- जनताको दैनिक जनजिवन सुरक्षित बनाउन एवम शान्ति सुरक्षा कायम गर्नका लागि नेपाल प्रहरी, नेपाल रेडक्रस जस्ता संस्थाहरुको क्षमता अभिवृद्धि गर्ने व्यवस्था सहित गाउँ प्रहरीको व्यवस्थापन गरि कार्यक्रम अगाडि बढाइनेछ ।
- अध्यक्ष स्वमं सेवक कार्यक्रम मार्फत कृषि पशु शिक्षा र स्वास्थ्य क्षेत्रमा जनशक्तिको पुर्तिगरि स्वास्थ्य, शिक्षा, कृषि, पशु, सरसफाई, विपद जस्ता क्षेत्रहरुमा युवाहरुको परिचालन गरिनेछ । जसका लागि कार्यविधि निर्माण गरि कार्यान्वयन गरिनेछ ।
- मदिरा विक्रि वितरण गर्नका लागि अनिवार्य रुपमा लाइसन्स लिनुपर्ने निति लिइनेछ । लाइसन्समा उल्लेख गरिएको समयावधिको पूर्ण पालना गर्न जनचेतना तथा अभियानमुलक कार्यक्रमहरु सञ्चालन गरिनेछन ।
- पूर्वीचौकी गाउँपालिको रिक्त रहेको सबै दरबन्दिहरु पुर्ति गरि कर्मचारीहरुको क्षमता विकास गर्नका लागि सुचना प्रविधि तथा तालिमको व्यवस्था गरिनेछ
- कर्मचारीको स्तरोन्नति तथा क्षमता अभिवृद्धि गर्नका लागि प्रदेश तथा संघ सरकाको सहकार्यमा कार्यक्रम अगाडि बढाइने निति लिइनेछ ।
- पूर्वीचौकी गाउँपालिकामा रहेको एक्जाभैटर सञ्चालन तथा व्यवस्थापनलाई प्रभावकारि बनाउनको लागि पूर्वीचौकी गाउँपालिकाद्धारा निर्माण गरिने विकासका आयोजनाहरुमा अनिवार्य काममा लगाउने निति लिइनेछ भने सडक स्तरोन्ततिका लागि मर्मत सम्भार कोषको व्यवस्था गरि ईन्धनको व्यवस्थापन कार्यालयद्धारा गर्ने र सडकको गुणस्तर कायम गरि एक्जाभैटर सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ ।
- पूर्वीचौकी गा.पा. द्धारा संचालित बसको प्रभावकारि ढंगले संचालन गर्नका लागि संचालनको रुट परिवर्तन तथा वैज्ञानिक संचालन तथा व्यवस्थापन गर्ने व्यवस्था मिलाइनेछ । जसका लागि E-Ticket प्रणालि जस्ता कार्यक्रम संचालन गरिनेछ ।

- पूर्वीचौकी गाउँपालिकाद्धारा सञ्चालन गरिने विकास निर्माणका आयोजनाहरुको पार्दर्शिता तथा प्रभावकारिताका लागि एकिकृत अनुगमन प्रणालि अवलम्बन गरिने निति लिइनेछ । जसका लागि ।T को प्रयोग गरि सगन रुपमा अनुगमन कार्य गरिनेछ ।
- निश्पक्ष तथा पार्दर्शि सरकार पूर्वीचौकीमा शुन्य भ्रष्टचार नारा अनुरुप सेवालाई गुणस्तर, पार्दर्शि, जवाफदेहि र उत्तरदायि बनाइने निति लिइनेछ ।

**<u>अन्त्यमा</u>ः**

योजनाको तर्जुमा जस्तै यसको कार्यान्वयन पनि महत्वपूर्ण पक्ष हो । हामीले तर्जुमा गरेका कतिपय नीति तथा कार्यक्रमहरु सम्पादन गर्न हाम्रो सहकार्य साझेदारी तथा रचनात्मक सहयोगको आवश्यकता पर्दछ । अतः यस अवसरमा पूर्वीचौकी गाउँपालीकाले विकासमा प्रभावकारी भुमिका खेल्न सरकारी निकायहरु, निजी क्षेत्र, दातृ निकाय, अन्तराष्ट्रिय संघ संस्थाहरु, टोल विकासका संस्थाहरु लगायत अन्य सम्पुर्ण सरोकारवालाहरुलाई यसै मञ्चबाट हार्दीक धन्यवाद दिन चाहान्छु ।

नीति, बजेट तथा कार्यक्रमहरु निर्माण गर्ने शिलशिलामा राजस्व परामर्श समिति स्रोत अनुमान तथा बजेट सिमा निर्धारण समिति, विषय क्षेत्रगत समिति, बजेट तथा कार्यक्रम तर्जुमा समिति, कार्यपालिकाका सदस्यहरु गाउँपालीकाका कर्मचारीहरु, गाउँसभाका सदस्य ज्युहरुको एकता, सम्वेदनशिलता तथा क्षेत्रगत सुचनाको जानकारी सहभागीता एवम् पृष्ठपोषण हाम्रा लागि अत्यन्त महत्वपुर्ण रह्यो । नीति, बजेट तथा कार्यक्रम तर्जुमा गर्ने प्रकृयामा प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा सहयोग पुर्याउनु हुने सम्पुर्ण राजनितिक दलहरु, सरकारी तथा गैर सरकारी संस्थाहरु, नागरीक समाज, उद्योगी, व्यावसायीहरु, बुद्धिजिविहरु, सञ्चारकर्मीहरु, सम्पुर्ण राष्ट्र सेवक कर्मचारी साथीहरु तथा गाउँपालीका बासी आमाबुवा, दाजुभाइ, दिदिबहीनी तथा ईष्ट मित्रहरुमा हार्दीक आभार व्यक्त गर्दछु ।

**धन्यवाद !**